"धनकुटा नगरः स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

धनकुटा कोशी प्रदेश, नेपाल

शिक्षा, युवा तथा खेलकुद विकास शाखा

---

प.सं. ०८२/०८३ मितिः२०८२/१२/२२

च.नं. १५६० ने.सं: ११४६ चौलागा तृतीय

विषयः- अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय, सबै।

श्री सामुदायिक विद्यालय, सबै ।

धनकुटा नगरपालिका,धनकुटा ।

प्रस्तुत विषयमा नेपालको संविधानको धारा ३१ को उपधारा (२) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुनेछ भन्ने उल्लेख भएसँगै सो को कार्यार्थ नेपाल सरकारबाट अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र नियमावली,२०७७ जारी भई कार्यान्वयनमा रहेको अवस्था विद्यमान छ ।

उक्त ऐनको दफा ६ को उपदफा(१) मा प्रत्येक स्थानीय तह मार्फत राज्यले ४ (चार) वर्ष पूरा भई १३ (तेह्र) वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ भन्ने उल्लेख हुनुका साथै दफा १९ को उपदफा (१) मा .......... सम्वत् २०८५ साल वैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति देहायको अवसर ( सम्बन्धित उपदफाको (क) र (ख) मा भए अनुसार) प्राप्त गर्न योग्य मानिने छैन भन्ने उल्लेख भएको सर्वविदितै छ ।

यसै अवस्थामा धनकुटा नगरपालिका, धनकुटा अन्तर्गतका वडा कार्यालयहरु र विद्यालयहरु अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि निरन्तर प्रयासरत रहे तापनि तोकिएका उमेर समूहका शतप्रतिशत बालबालिकाहरु विद्यालयको पहुँचमा आउन नसकेको अवस्था रहेको छ । यसै सन्दर्भमा तोकिएका उमेर समूहका सबै बालबालिहरुलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउन र विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी प्रोफाइल तयारीका लागि मिति २०८२/०९/२४ को सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको बैठकबाट विद्यालयको सेवाक्षेत्र तोकी विद्यालयबाट छनौट भएका गणकहरुलाई मिति २०८२/१०/०८ मा पालिकाबाट अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी तोकिएका गणक शिक्षकहरुबाट आ-आफ्नो विद्यालयको सेवाक्षेत्रमा गइ सर्वेक्षण गर्दा विद्यालयको पहुँच बाहिर रहेका करिव ३८ जना विद्यार्थीहरुको पहिचान गरी पालिकामा वुझाएको विवरणका आधारमा पालिकाले प्रारम्भिक प्रोफायल समेत निर्माण गरेको हुदाँ यस धनकुटा नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/१२/१९ गतेको निर्णय अनुसार अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित पालिका घोषणा गर्नका लागि अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि वडा कार्यालय र सामुदायिक विद्यालयहरुलाई परिपत्र गर्ने निर्णय भए अनुसार वडा कार्यालय तथा सामुदायिक विद्यालयहरुले आफ्नो वडा र सेवा क्षेत्रभित्र अनिवार्य तथा निःशुल्क शिक्षा कार्यन्वयन सम्बन्धमा तपसिल बमोजिमका कार्यहरु गर्न गराउन हुन अनुरोध छ ।

तपसिलः

१. **वडा कार्यालयले निम्न कार्यहरु गर्नु गराउनहुनः**

क. वडा कार्यालयले वडा भित्रका विद्यालय र सरोकारवालाहरुको बैठक राखी कार्ययोजना निर्माण गरी सो कार्ययोजना अनुरुप कार्य गर्नुहुन । नमुना कार्ययोजना यसै पत्र साथ पठाईएको छ।



नि. प्रमुख प्रशासकिय अधिकृत

ख. वडा कार्यालयहरुले आ-आफ्नो वडा भित्र ४ वर्ष उमेर पूरा गरी १३ वर्ष उमेर पूरा नगरेका बालबालिकाहरुको तथ्यांक संकलन गरी विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी नाम नामेसी सहित पूरा व्यक्तिगत विवरण तयार गरी पालिकामा समेत सो विवरण उपलब्ध गराउने ।

ग. आ- आफ्नो वडा भित्रका विद्यालयका प्रधानाध्यापकहरुको बैठक राखी शैक्षिक सत्र २०८३ को विद्यार्थी भर्ना र घरदैलो कार्यक्रम प्रभावकारी वनाउन विद्यालयहरुलाई सहजीकरण गर्नहुन ।

घ. यस भन्दा अघि पालिकाबाट गरीएको सर्वेक्षणबाट ३८ जना बालबालिकाहरु विद्यालय बाहिर रहेको पहिचान भएको हुदाँ उक्त बालबालिकाहरुको प्रारम्भिक प्रोफायल समेत तयार भएकोले उक्त प्रोफायलको सफ्टकपी यसै पत्र साथ पठाईएको छ सो को पनि अध्ययन गरी पालिकालाई सल्लाह सुझाव उपलब्ध गराउनुहुन।

ङ. अभिभावक तथा समुदायलाई नीतिगत तथा कानुनी प्रवन्धहरुको अभिमुखिकरण गर्न वा प्रचार प्रसार गर्नहुन ।

२. विद्यालयले निम्न कार्यहरु गर्नु गराउनहुनः

क. अभिभावक तथा समुदायलाई नीतिगत तथा कानुनी प्रवन्धहरुको अभिमुखिकरण गर्न वा प्रचार प्रसार गर्नहुन ।

ख. विद्यालयहरुले आ-आफ्नो सेवा क्षेत्रभित्र ४ वर्ष उमेर पूरा गरी १३ वर्ष उमेर पूरा नगरेका बालबालिकाहरुको तथ्यांक संकलन गरी विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी नाम नामेसी सहित पूरा व्यक्तिगत विवरण तयार गरी सम्बन्धित वडा कार्यालय र पालिकामा समेत सो विवरण उपलब्ध गराउनुहुन ।

ग. विद्यालयले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सरोकारवालाहरुको बैठक राखी कार्ययोजना निर्माण गरी सो कार्ययोजना अनुरुप कार्य गर्नुहुन ।नमुना कार्ययोजना यसै पत्र साथ पठाईएको छ।

घ. विद्यालयले शैक्षिक सत्र २०८३ को विद्यार्थी भर्ना र घरदैलो कार्यक्रम प्रभावकारी रुपबाट सञ्चालन गर्नहुन र कार्यक्रम सञ्चालनको क्रममा नै विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबलिकारुको पहिचान गरी विद्यालयको पहुँचमा ल्याउन पहल गर्नुहुन।

ङ. यस भन्दा अघि पालिकाबाट गरीएको सर्वेक्षणबाट ३८ जना बालबालिकाहरु विद्यालय बाहिर रहेको पहिचान भएको हुदाँ उक्त बालबालिकाहरुको प्रारम्भिक प्रोफायल समेत तयार भएकोले उक्त प्रोफायलको सफ्टकपी यसै पत्र साथ पठाईएको छ सो को पनि अध्ययन गरी पालिकालाई सल्लाह सुझाव उपलब्ध गराउनुहुन।

२०८२।१२।२२

११।२२

.......................................
नरबहादुर भुजेल
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकिय अधिकृत

# अनुमानित कार्ययोजना खांका

विद्यालयको नामः

वडाः-

| क्र.स. | मुख्य रणनीति | समयवधी/ कहिले सम्म | कैफियत |
|---|---|---|---|
| १ | विद्यार्थी भर्ना कार्यक्रम | | |
| २ | विद्यालय सेवा क्षेत्रमा घर दैलो कार्यक्रम सञ्चालन | | |
| ३ | विद्यालय वाहिर रहेका बालबालिकाहरुको पहिचान | | |
| ४ | तथ्याङ्कीय विवरण अद्यावधिक गर्ने | | |
| ५ | अभिभावक तथा समुदायलाई नीतिगत तथा कानुनी प्रवन्ध एवम् प्रवोधिकरण | | |
| ६ | वित्तीय स्रोतको व्यवस्था र परिचालन गर्ने | | |
| ७ | विद्यार्थी सहायता प्रणालीलाई प्रभावकारी बनाउने | | |
| ८ | विद्यालयबाट भर्ना सुनिश्चितताको निर्णय गर्ने र वडा समितिमा पठाउने | | |
| ९ | वडा समितिबाट विद्यालयबाट भर्ना सुनिश्चितताको निर्णय गर्ने र नगरपालिकामा पठाउने | | |

विद्यालयको तर्फबाट

हस्ताक्षरः

नामः

पदः

मोवाइल नम्वरः

वडा कार्यालयको तर्फबाट

हस्ताक्षरः

नामः

पदः

मोवाइल नम्वरः